# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्या-५०८ मितिः
२०६६/४/२०

**श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु तथा इजाजतपत्र प्राप्त "क" वर्गका र राष्ट्रिय स्तरका "ख" वर्गका बैंक तथा बित्तीय संस्थाहरु ।**

**विषयः परिवर्त्य बिदेशी मुद्राको लगानी व्यबस्थापन तथा डेरिभेटिभस् (Derivatives) उपकरण सम्वन्धी कारोवार बारे ।**

महाशय,

यस बैंकवाट इजाजतपत्र प्राप्त "क" र राष्ट्रिय स्तरका "ख" वर्गका बैंक तथा बित्तीय संस्थाहरुले आफूसंग मोज्दात रहेको परिवर्त्य बिदेशी मुद्राको लगानी व्यबस्थापन तथा बिनिमय दरमा हुने उतार चढावको कारणले हुन सक्ने जोखिम व्यबस्थापनको लागि बिदेशी मुद्रा बजारमा प्रचलित बिभिन्न डेरिभेटिभस् (Derivatives) उपरकण सम्बन्धी कारोवारहरु आ-आफनो संचालक समितिले तोकेको मापदण्डभित्र रही देहाय बमोजिम गर्न सक्ने व्यबस्था गरिएको हुंदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

(क) लगानी व्यबस्थापन देहाय बमोजिम हुने गरी गर्नु/गराउनु पर्नेछ ।
  (१) अन्तरराष्ट्रिय बित्तीय संस्था र बिदेशी सरकारवाट जारी भएका बिभिन्न प्रकार र अवधिका ऋणपत्र, निक्षेप प्रमाणपत्र लगायतका बिबिध उपयुक्त उपकरणमा लगानी गर्न सकिने छ ।
  (२) परिवर्त्य बिदेशी मुद्राको निक्षेपवाट प्राप्त र आफूसंग मौज्दात रहेको परिवर्त्य बिदेशी मुद्रा मात्र लगानी गर्न सकिने छ ।
  (३) यस्तो लगानी प्रयोजनको लागि अन्तरराष्ट्रिय वा बिदेशी बैंक तथा बित्तीय संस्थावाट कुनै किसिमको ऋण लिन पाइने छैन ।

(ख) बिदेशी मुद्रा बजारमा प्रचलित Forward, Options, Swap, Futures जस्ता डेरिभेटिभस् (Derivatives) उपकरण सम्वन्धी कारोवार गर्न सकिनेछ ।

(ग) माथि खण्ड (क) र खण्ड (ख) मा उल्लिखित लगानी व्यबस्थापन तथा कारोवारहरुवाट उत्पन्न हुने बिनिमय लगायतका जोखिम सम्वन्धित बैंक तथा बित्तीय संस्थाले नै व्यहोर्नु पर्नेछ ।

(घ) उल्लिखित बिषयमा यस बैंकवाट मिति २०६३/१२/११ मा जारी भएको इ.प्रा.परिपत्र संख्याः ४३२ खारेज गरिएको छ ।

भवदीय

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

बोधार्थः

१. गभर्नरको कार्यालय ।
२. डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा ।
४. बैकिङ्ग कार्यालय ।
५. बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६. बैंक सुपरिवेक्षण बिभाग ।
७. बित्तीय संस्था सुपरिवेक्षण बिभाग ।
८. आन्तरिक लेखा परिक्षण विभाग ।
९. सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
१०. नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्ट्स, नक्साल ।
११. नेपाल बैंकर्स संघ ।
१२. नेपाल बिकास बैंक संघ, ।